जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

वर्ष १३ • अंक २६० • २०८३ असार २६ गते शुक्रवार • 10 Jul. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

# शिक्षा नियमावली, २०५९ (संशोधन) का मुख्य बुँदाहरू

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २५ असार




१. विद्यालय व्यवस्थापन समिति (VMC)
राजनीतिक दलको सदस्य व्यवस्थापन समितिमा बस्न नपाउने।
समितिको सदस्य हुन कम्तीमा ५ वर्षदेखि कुनै राजनीतिक दलको सदस्यता नलिएको हुनुपर्ने।
वडाध्यक्ष, वडा सदस्य, शिक्षक र विद्यालय कर्मचारी व्यवस्थापन समितिमा सदस्य बन्न नपाउने।
भ्रष्टाचार, मानव बेचबिखन, लागूऔषध, जातीय भेदभाव, अपहरण लगायतका गम्भीर फौजदारी अपराधमा सजाय पाएका व्यक्ति सदस्य बन्न नपाउने। समिति गठन प्रक्रियामा स्थानीय तहको भूमिका बढाइएको।
२. स्थानीय तहलाई थप अधिकार
विद्यालय खोल्ने अनुमति दिने अधिकार।
विद्यालयको स्वीकृति तथा कक्षा थप गर्ने अधिकार।
विद्यालय नियमन गर्ने अधिकार।
प्रधानाध्यापक (प्रअ) नियुक्ति गर्ने अधिकार।
३. प्रधानाध्यापक (प्रअ) सम्बन्धी व्यवस्था
नियुक्ति स्थानीय तहबाट हुने।
आधारभूत तहका लागि स्नातक र माध्यमिक तहका लागि स्नातकोत्तर उत्तीर्ण स्थायी शिक्षक हुनुपर्ने।
प्र.अ.भत्ता
माबी(९-१२):३०००
आधारभुत तह(६-८):२०००
आधारभुत तह(१-५):१०००
४. शिक्षक सरुवा
एउटै विद्यालयमा कम्तीमा ३ वर्ष सेवा नगरी सरुवा नहुने।
रिक्त दरबन्दी ७ दिनभित्र स्थानीय तह र IEMIS मा अनिवार्य जानकारी गराउनुपर्ने।
सरुवाका लागि अनलाइन वा सार्वजनिक सूचना जारी गर्नुपर्ने।
गर्भवती, अपाङ्गता भएका तथा २ वर्षभन्दा कम उमेरका बच्चा भएका महिला शिक्षकलाई प्राथमिकता।
सरुवा अंक प्रणाली:
ज्येष्ठता - ३५ अंक
शैक्षिक योग्यता - २० अंक
तालिम - १० अंक
पारस्परिक सरुवा गर्न सकिने, तर ५ वर्षभित्र पुनः सरुवा नहुने।
५. विद्यालय समायोजन
पैदल ३० मिनेटभन्दा कम दूरी वा बसबाट ३० मिनेटभित्र पुग्न सकिने विद्यालय समायोजन गर्न सकिने।
शून्य विद्यार्थी भएका विद्यालय अनिवार्य समायोजन !
६. विद्यालय तह
आधारभूत: कक्षा १-८
माध्यमिक: कक्षा ९-१२
प्राथमिक (१-५) र निम्न माध्यमिक (६-८) को छुट्टै वर्गीकरण हटाइयो।
७. बिदा
हिउँदे र वर्षे बिदा ४५ दिनबाट ३० दिन।
वार्षिक न्यूनतम विद्यालय सञ्चालन दिन २२० दिन यथावत्।
८. शिक्षक काज
शिक्षक महासंघका प्रतिनिधिले पाउने काज सुविधा हटाइयो।
तालिम, सभा, सेमिनारका लागि स्थानीय तह वा व्यवस्थापन समितिको स्वीकृतिमा काज पाउन सकिने।
९. निजी विद्यालय
धरौटी रकम वृद्धि:
माध्यमिक: रु. १० लाख
आधारभूत: रु. ५ लाख
१०. विशेष शिक्षा
विशेष शिक्षक दरबन्दीको व्यवस्था।
विशेष विद्यालयका शिक्षकलाई स्थायी शिक्षकसरह सेवा- सुविधा।
११. विद्यार्थी हकहित
विद्यार्थीमाथि शारीरिक वा मानसिक हिंसा, अपमान, भेदभाव, कपाल काट्ने, घाममा उभ्याउनेजस्ता कार्य निषेध।
१२. छात्रवृत्ति
निजी विद्यालयले १०% गरिब, विपन्न र जेहेनदार विद्यार्थीलाई छात्रवृत्ति दिनुपर्ने।
कुल छात्रवृत्तिमध्ये २०% खेलकुद प्रतिभावान विद्यार्थीका लागि छुट्याउनुपर्ने।
१३. ई-पेन्सन
शिक्षकका लागि ई-पेन्सन प्रणाली लागू।
अनलाइनबाट पेन्सन अधिकारपत्र उपलब्ध गराइने।
पीआर/ग्रिन कार्ड लिएका शिक्षकले पेन्सन नपाउने।
यी संशोधनहरू विद्यालय व्यवस्थापन, शिक्षक सरुवा, स्थानीय तहको अधिकार, विद्यार्थी हकहित तथा शिक्षा प्रशासनलाई थप पारदर्शी, व्यवस्थित र उत्तरदायी बनाउने उद्देश्यले गरिएको हो।




## मधेशलाई साक्षर र शिक्षाको क्षेत्रमा नमुना प्रदेशका रुपमा स्थापित गर्ने लक्ष्य

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २५ असार



मधेश प्रदेशका शिक्षा तथा संस्कृति मन्त्री मनोजकुमार सिंहले आगामी आर्थिक वर्षको बजेट शिक्षा क्षेत्रलाई केन्द्रमा राखेर ल्याइएको बताउँदै मधेशलाई साक्षर र शिक्षाको क्षेत्रमा नमुना प्रदेशका रूपमा स्थापित गर्ने लक्ष्य रहेको बताएका छन्।

सिरहाको लहान नगरपालिकालाई साक्षर नगरपालिका घोषणा गर्ने कार्यक्रममा बोल्दै मन्त्री सिंहले सीमित स्रोतसाधनका बाबजुद शिक्षाको गुणस्तर सुधार, डिजिटल शिक्षाको विस्तार र विद्यालय शिक्षाबाट वञ्चित समुदायलाई मूलधारमा ल्याउने कार्यक्रमलाई सरकारले प्राथमिकतामा राखेको बताए। उनका अनुसार आगामी आर्थिक वर्षदेखि डिजिटल तथा प्राविधिक शिक्षाको प्रवर्द्धन, छात्रावाससहितका नमुना विद्यालय सञ्चालन, पाँच सय स्वयंसेवक शिक्षक परिचालन तथा दलित, मुसहर, बातरलगायत विपन्न समुदायका बालबालिकालाई विद्यालय शिक्षामा जोड्ने विशेष कार्यक्रम कार्यान्वयन गरिनेछ।

मन्त्री सिंहले मधेश प्रदेशका आठवटै जिल्लामा विद्यालय शिक्षाबाहिर रहेका करिब चार हजार बालबालिकाको पहिचान गरी उनीहरूलाई विद्यालयमा भर्ना गराउने योजना पनि बजेटमा समेटिएको जानकारी दिए। उनका अनुसार प्रत्येक जिल्लामा कम्तीमा दुई वटा नमुना विद्यालय स्थापना गर्ने, अंग्रेजी माध्यम सञ्चालन गर्ने सामुदायिक विद्यालयलाई प्रोत्साहन गर्ने, उच्च शिक्षाका लागि छात्रवृत्ति उपलब्ध गराउने तथा कम्प्युटर, विज्ञान र गणित प्रयोगशाला स्थापना गर्ने कार्यक्रम पनि आगामी बजेटमा समावेश गरिएको छ।



जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।-कवि पवेन्द्र मानन्धर

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१

जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि



## सम्पादकीय...................

# रूपान्तरणको जरुरी

*नेपाली समाजले पछिल्ला दशकहरूमा तीव्र परिवर्तन भोगेको देखिन्छ। संयुक्त परिवार क्रमश: सानो परिवारमा रूपान्तरण भएको देखिन्छ । वैदेशिक रोजगारीले लाखौं परिवारलाई आर्थिक रूपमा सशक्त बनाए पनि भावनात्मक रूपमा टाढा पारेको देखिन्छ। सहरीकरणले अवसर बढाएको छ तर छिमेकीबीचको आत्मीयता घटाएको देखिन्छ । गाउँका चौतारी, मेलापात, गुठी, सामुदायिक श्रम र नियमित भेटघाटजस्ता सामाजिक अभ्यासहरू धेरै ठाउँमा कमजोर भएको छ। जब प्रत्यक्ष सम्बन्ध कम हुन्छ, सहानुभूति पनि कमजोर हुन सक्छन । अहिलेको गाली-गलौजको संस्कृति बिकास हुँदै जानुका सम्पूर्ण दोष नयाँ पुस्तामाथि थोपर्नु न त न्यायसंगत हुन्छ, न समाजशास्त्रीय रूपमा सही । प्रत्येक पुस्ताले आफ्नो समयको चुनौती बोकेका हुन्छन ।*

*अहिलेका युवाले कृत्रिम बुद्धिमत्ता, तीव्र प्रतिस्पर्धा, अनिश्चित रोजगारी, मानसिक स्वास्थ्यको दबाब, सामाजिक तुलना र डिजिटल उपस्थितिको निरन्तर दबाबबीच आफ्नो भविष्य निर्माण गरिरहेको छ। उनीहरूमा अधैर्यता देखिन सक्छन्, तर उनीहमा नवीन सोच, उद्यमशीलता, लैंगिक समानता प्रतिको संवेदनशीलता, विश्वव्यापी दृष्टिकोण र परिवर्तनको आकांक्षा पनि रहेको देखिन्छ। त्यसैले उनीहरूलाई समस्या होइन, भरपुर सम्भावनाको पुस्ताका रूपमा हेर्न आवश्यक रहेको देखिन्छ ।*

# तराई मधेशका विद्यार्थी अध्ययनका लागि सहर बजार रोज्न थालेपछि स्थानीय स्कुल सुनसान

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २५ असार**

तराई मधेशका विद्यार्थी अध्ययनका लागि सहर बजार रोज्न थालेपछि स्थानीय स्कुल सुनसान हुन थालेका छन्। १० कक्षासम्म केही विद्यार्थी टिके पनि एसइई दिएर प्लस टुका लागि सहर बजारको स्कुल रोज्न थालेका छन्। त्यसले गर्दा स्थानीय स्कुलमा प्लस टुमा विद्यार्थी निकै अभाव हुन थालेका छन् ।

मधेशका आठ वटै जिल्लाका अवस्था त्यस्तै छन्। एक तथ्याङ्क अनुसार विद्यार्थी भर्नादर ९६ प्रतिशतभन्दा बढी छ तर प्लस टुसम्म पुग्दा आधाभन्दा कम विद्यार्थी मात्र स्कुलमा बाँकी रहन्छन् ।





निजीतर्फ आकर्षण : महोत्तरी जिल्लामा उच्च माध्यमिक (कक्षा ११ र १२) तहमा सामुदायिक विद्यालयभन्दा निजीतर्फ विद्यार्थीको आकर्षण बढी देखिएको छ। शिक्षा विकास तथा समन्वय एकाइ महोत्तरीले दिएको तथ्याङ्क अनुसार कक्षा ११ र १२ मा सामुदायिक विद्यालयभन्दा निजी विद्यालयमा ३६ प्रतिशतभन्दा बढीले वृद्धि भएको देखिएको छ। शिक्षा विकास तथा समन्वय एकाइ महोत्तरीका प्रमुख निर्मलकुमार घिमिरेले २०८१ र २०८२ को तथ्याङ्क अनुसार सामुदायिक विद्यालयमा ४.५१ प्रतिशतले विद्यार्थी घट्दा निजी विद्यालयमा ३६.२२ प्रतिशतले वृद्धि भएको देखिएको बताउनुभयो। शिक्षा विकास तथा समन्वय एकाइले २०८१ सालमा जिल्लाका उच्च माध्यमिक तहमा (कक्षा ११ र १२) नौ हजार ४०७ विद्यार्थी अध्ययनरत रहेकामा २०८२ मा आइपुग्दा यो सङ्ख्या नौ हजार २४६ मा झरेको जनाएको छ। सामुदायिक विद्यालयमा ३९५ विद्यार्थी घटेका छन्। २०८१ मा आठ हजार ७६१ विद्यार्थी रहेकोमा २०८२ मा आठ हजार ३६६ मा विद्यार्थी सीमित भएको तथ्याङ्क छ। निजी विद्यालयमा भने विद्यार्थी सङ्ख्या ६४६ बाट बढेर ८८० पुगेको छ। महोत्तरी जिल्लामा उच्च माध्यमिक शिक्षाका लागि ७७ विद्यालय छन् जसमा सामुदायिकतर्फ ६२ तथा निजीतर्फ १५ विद्यालय रहेको छ। जिल्लाको एकडारा गाउँपालिकामा रहेको श्री जनता माध्यमिक विद्यालयका प्रधानाध्यापक जिवछ ठाकुरले उच्च शिक्षातर्फ शिक्षा (एजुकेसन) विषयका विद्यार्थी विस्तारै घट्दै गएको बताउनुहुँदै उनीहरू विज्ञान, लेखा तथा सिपमूलक शिक्षाका लागि जिल्लाबाहिर जाने प्रवृत्ति देखिएको बताउनुभयो। सामुदायिक विद्यालयले अभिभावकको विश्वास जित्न नसकेका कारणले मात्रै नभई पठनपाठनको गुणस्तर, वातावरण, व्यवहार, विषयगत शिक्षकको उपलब्धतालगायतका कुरा सुधार गर्न नसक्दा विद्यार्थी टिकाउन नसकेको वताउनुहुँदै यसप्रति सरोकारवाला निकायलाई गम्भिर हुनुपर्नेमा प्रधानाध्यापक ठाकुरले जोड दिनुभयो।

# आकाशे पानीमा निर्भर किसान वर्षा नहुँदा चिन्तित

**जलेश्वरटुडे समाचारदाता**
**सप्तरी, २५ असार**

पर्याप्त वर्षा नहुँदा सप्तरीमा असारको तेस्रो सातासम्म पनि अपेक्षा अनुसार धान रोपाइँ हुन सकेको छैन। आकाशे पानीमा निर्भर किसान वर्षा नहुँदा चिन्तित बनेका छन्। जिल्लाको दक्षिणी भेगमा कोशी पश्चिमी नहर र पम्प नहरको सिँचाइ सुविधा भएका क्षेत्रमा रोपाइँ केही सहज भए पनि उत्तरी भेगका अधिकांश किसान वर्षाकै भरमा खेती गर्दै आएका छन्।

छिटफुट वर्षाले पर्याप्त पानी नदिँदा किसानले समयमै धान रोप्न नसकेको बताएका छन् । रुपनी गाउँपालिका-४ का किसान धनिचन्द मण्डलले वर्षा नहुँदा बोरिङ र मोटरको सहायताले सिँचाइ गरेर धान रोप्नुपरेको बताउनुभयो । उहाँका अनुसार अधिकांश किसान वैकल्पिक सिँचाइको भरमा खेती गर्न बाध्य भएका छन्। सोही ठाउँका अर्का किसान रामरतन यादवले पनि बोरिङमा मोटर जडान गरी सिँचाइ गरेर धान रोपाइँ गरिरहेको जानकारी दिनुभयो । कृषि ज्ञान केन्द्र सप्तरीका प्रमुख रोशन मेहताका अनुसार जिल्लामा ८१ हजार ६ सय ६८ हेक्टर खेतीयोग्य



जमिन रहेकामा करिब ६८ हजार हेक्टरमा प्रत्येक वर्ष धान खेती हुँदै आएको छ। तर पर्याप्त वर्षा नहुँदा हालसम्म जम्मा ३८ प्रतिशत क्षेत्रमा मात्र धान रोपाइँ सम्पन्न भएको छ । "अहिलेसम्म ३८ प्रतिशत क्षेत्रमा मात्र धान रोपाइँ भएको छ । पर्याप्त वर्षा नहुँदा किसानले जेनतेन सिँचाइको व्यवस्था गरेर रोपाइँ गरिरहेका छन्," उहाँले भन्नुभयो। किसानले वैकल्पिक सिँचाइको प्रभावकारी व्यवस्था गर्न सके कृषि उत्पादन वृद्धि गर्न सहज हुने बताएका छन्।

**सूचना । सूचना ।। सूचना ।।।**

आफ्नो व्यापार, व्यवसाय, उद्योग, कल-कारखाना, फर्म आदीलाई घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता गराई मात्र संचालन गरौं। राज्यप्रति ईमान्दारीता देखाऔं र ईमान्दार व्यक्तिको परिचय दिऔं।

**घरेलु तथा साना उद्योग कार्यालय**
**जनकपुरधाम धनुषा, मधेश प्रदेश**

## तपाईको टुडे

मेष: अनावश्यक चिन्ता

वृष: पिछडेको साथी मिल्ने

मिथून: मनमा पछुतो आउने

कर्कट: विचार गरेर बोल्नुहोला

सिंह: अनावश्यक खर्चको संभावना

कन्या: मित्रतामा फाटो आउने

तुला: अशुभ समाचार प्राप्त हुने

वृश्चिक: आम्दानी हुने

धनु: खानपानमा समस्या आउने

मकर: लामो यात्राको योग छ

कूम्भ: पढाईमा ध्यान दिनुपर्ने

मीन: शुभ कार्यको शुरुवात

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# धनुषाका अधिकांश स्थानीय तहको आर्थिक गतिविधि प्रभावित



जलेश्वरटुडे समाचारदाता
धनुषा, २५ असार

स्थानीय तहको वित्तीय कारोबार सञ्चालनका लागि प्रयोग हुँदै आएको सुत्र प्रणाली लामो समयदेखि नियमित रूपमा सञ्चालन हुन नसक्दा धनुषाका अधिकांश स्थानीय तहको आर्थिक गतिविधि प्रभावित भएको छ ।

प्रणालीमा आएको अवरोधका कारण विकास निर्माणको भुक्तानी, कर्मचारीको तलब-भत्ता तथा अन्य अनिवार्य वित्तीय दायित्व समयमै सम्पन्न हुन सकेका छैनन् । स्थानीय तहका कर्मचारीका अनुसार प्रणाली अवरुद्ध भएपछि दैनिक वित्तीय कारोबार नै प्रभावित बनेको छ । निर्माण सम्पन्न भएका योजनाको भुक्तानी रोकिँदा निर्माण व्यवसायी समस्यामा परेका छन् भने सेवा प्रदायकहरूले पनि समयमै रकम नपाउँदा असन्तुष्टि जनाउन थालेका छन् । पालिकाका अधिकारीहरूका अनुसार भुक्तानी प्रक्रिया अवरुद्ध हुँदा विकास आयोजनाको कार्यान्वयनसमेत प्रभावित भएको छ ।

कतिपय योजनामा काम सम्पन्न भए पनि रकम निकासा हुन नसक्दा निर्माण व्यवसायीले कामको गति सुस्त बनाएको उनीहरूको भनाइ छ । यस्तै, कर्मचारीको तलब-भत्ता, विभिन्न सेवा तथा कार्यक्रमसँग सम्बन्धित नियमित भुक्तानीमा समेत ढिलाइ हुने अवस्था सिर्जना भएको छ । यसले स्थानीय सरकारको सेवा प्रवाहमा समेत प्रत्यक्ष असर परेको कर्मचारीहरूले बताएका छन् ।

सुत्र प्रणाली नियमित रूपमा सञ्चालन हुन नसक्दा सेवाग्राही, निर्माण व्यवसायी तथा अन्य सरोकारवालाबाट गुनासो बढ्दै गएको छ । वित्तीय कारोबार रोकिँदा स्थानीय तहका कर्मचारीहरू पनि अनावश्यक दबाबमा काम गर्न बाध्य भएको उनीहरूको भनाइ छ । धनुषाको जनकपुरधाम उपमहानगरपालिका सहित जिल्लाका अधिकांश स्थानीय तहमा यही समस्या देखिएको जनाइएको छ । स्थानीय तहहरूले कानुनले तोकेको समयसीमाभित्र भुक्तानी सम्पन्न गर्न सकिने वातावरण सिर्जना गर्न महालेखा नियन्त्रकको कार्यालयसँग सुत्र प्रणाली यथाशीघ्र नियमित सञ्चालनमा ल्याउन आग्रह गरेका छन् । स्थानीय तहका प्रतिनिधि तथा कर्मचारीहरूले प्रणालीको समस्या तत्काल समाधान नभए विकास निर्माण, सेवा प्रवाह र वित्तीय व्यवस्थापनमा थप जटिलता उत्पन्न हुने चेतावनी दिएका छन् ।

# अधिकांश अस्पतालमा सर्पदंशको औषधी र रेबिज विरुद्धको भ्याक्सिनको अभाव

जलेश्वरटुडे समाचारदाता
धनुषा, २५ असार

मधेश प्रदेशका अधिकांश अस्पतालमा सर्पदंशको औषधी र रेबिज विरुद्धको भ्याक्सिनको अभाव देखिएको छ ।

सर्पदंशको उपचारमा प्रयोग हुने एन्टिस्नेक भेनम सिरम र कुकुरलगायतका जनावरको टोकाइबाट हुने सङ्क्रमण रोक्न प्रयोग गरिने एन्टिरेबिज भ्याक्सिनको अभाव देखिएको हो । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय मधेश प्रदशका सचिव डा. प्रमोद यादवले समयमै आपूर्ति हुन नसक्दा एन्टिस्नेक भेनम र एन्टिरेबिज भ्याक्सिनको अभाव भएको बताउनुभयो ।

उहाँले केही अस्पतालमा सीमित मात्रामा एन्टि स्नेक भेनम तथा एन्टिरेबिज भ्याक्सिन मौज्दात रहे पनि अधिकांश स्थानमा मौज्दात सकिने अवस्थामा पुगेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "कतिपय स्वास्थ्य संस्थामा सीमित मौज्दात छ भने धेरैजसोमा निकै कम मात्रामा छ ।" उहाँका अनुसार मधेश प्रदेशमा हाल २७ वटा अस्पतालबाट सर्पदंशको उपचार सेवा सञ्चालन हुँदै आएको छ । वर्षायामसँगै सर्पदंशका घटना बढिरहेका बेला प्रतिविषको अभाव हुँदा उपचार सेवा प्रभावित हुने र बिरामीको ज्यान जोखिममा पर्ने चिन्ता बढेको छ । यस अवधिमा खेतबारी, बस्ती र पानी जम्ने क्षेत्रमा सर्पको सक्रियता बढ्ने भएकाले उपचारका लागि एन्टिस्नेक भेनम आवश्यक भएको सचिव यादवको भनाइ छ । प्रदेशको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार हाल सबैभन्दा बढी प्रादेशिक अस्पताल जनकपुरमा एन्टिस्नेक भेनम ३५० भाइल मौज्दात रहेको छ । तर, प्रादेशिक अस्पताल कलैया, धनुषाधाम नगरपालिका अस्पताल (धनुषा), तथा गौशाला नगर अस्पताल (महोत्तरी) मा एन्टिस्नेक भेनमको मौज्दात शून्य रहेको छ । त्यसैगरी सातवटा अस्पतालमा २०/२० भाइलका दरले मात्र मौज्दात रहेको छ ।



प्रादेशिक अस्पताल मलङ्गवामा २५०, प्रादेशिक अस्पताल सिरहामा १५०, सर्पदंश उपचार केन्द्र नवलपुरमा २१०, सर्पदंश उपचार केन्द्र बर्दिवासमा १५०, चोहर्वा सर्पदंश उपचार केन्द्र सिरहामा २१० तथा अन्य स्वास्थ्य संस्थामा सय वा सोभन्दा कम भाइल मौज्दात रहेको मन्त्रालयको विवरणमा उल्लेख छ । मन्त्रालयका सचिव डा. यादवका अनुसार सर्पदंशको एन्टिस्नेक भेनम र एन्टिरेबिज भ्याक्सिन खरिदका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले अर्थ मन्त्रालयसँग दुई/दुई करोड रुपियाँका दरले चार करोड रुपियाँ माग गरिएको छ । तर, बजेट निकासा हुन नसक्दा खरिद प्रक्रिया अघि बढ्न नसकेको उहाँले बताउनुभयो ।

मधेश प्रदेशका अर्थमन्त्री युवराज भट्टराईले एन्टिस्नेक भेनम र एन्टिरेबिज भ्याक्सिन नेपाली बजारमा पर्याप्त मात्रामा उपलब्ध नरहेको बताउँदै उपलब्ध हुनेबित्तिकै खरिद प्रक्रिया अघि बढाउने बताउनुभयो । सङ्घीय स्वास्थ्य निकायबाट खरिद तथा आपूर्तिमा भएको ढिलाइका कारण प्रदेश तथा स्थानीय तहअन्तर्गत सञ्चालित अस्पतालतमा एन्टिस्नेक भेनम र एन्टिरेबिज भ्याक्सिन नियमित आपूर्ति हुन नसकेको उहाँले जानकारी दिनुभयो ।

# यस वर्ष समयमै पानी प्रवाह

जलेश्वरटुडे समाचारदाता
सप्तरी, २५ असार



कोशी पम्प चन्द्र नहर सिंचाइ व्यवस्थापन कार्यालय, राजविराजले सप्तरीका तीनवटै प्रमुख सिँचाइ प्रणाली-चन्द्र नहर, कोशी पम्प नहर र कोशी नहर सहायक वितरण प्रणालीमा यस वर्ष समयमै पानी प्रवाह गरेको छ । कार्यालयका अनुसार चन्द्र नहरमा असार १० गतेदेखि तथा गत आइतबारदेखि कोशी पम्प नहर र कोशी नहर सहायक वितरण प्रणालीमा पानी पठाइएको हो ।

छिन्नमस्ता गाउँपालिका -१ का किसान आनन्दी यादवले यस वर्ष धान खेतीका लागि सिँचाइको कुनै समस्या नभएको बताए । उनका अनुसार नहरमा समयमै पानी आउनुका साथै बेलाबेलामा वर्षा पनि भइरहेकाले धान रोपाइँ सहज बनेको छ ।

कार्यालयका प्रमुख वीरेन्द्र यादवका अनुसार सप्तरीमा कुल ३४ हजार ९ सय ८० हेक्टर क्षेत्रफलमा सिँचाइ पुऱ्याउने लक्ष्यसहित मूल तथा शाखा नहर गरी करिब एक हजार किलोमिटर नहर संरचना रहेको छ । त्यसमध्ये चन्द्र नहर प्रणालीबाट १० हजार ५ सय हेक्टर, कोशी पम्प नहरबाट १३ हजार १ सय हेक्टर र कोशी नहर सहायक वितरण प्रणालीबाट ११ हजार ३ सय हेक्टर क्षेत्रफलमा सिँचाइ भइरहेको छ ।

उनले नहर संरचना पुरानो भएकाले केही स्थानमा पानी पुऱ्याउन चुनौती रहे पनि समयमै पानी छाडिएको र पर्याप्त वर्षा भइरहेकाले यस वर्ष नहरको कमान्ड क्षेत्रका किसानलाई सिँचाइ अभाव नहुने विश्वास व्यक्त गरे । कार्यालय प्रमुख यादवले नहर सरसफाइका लागि अत्यन्त न्यून बजेट विनियोजन हुने गरेको बताए। उनका अनुसार नहरमा अत्यधिक बालुवा जम्मा हुने गरे पनि नियमित सरसफाइका लागि चालु वर्ष मात्र २८ लाख रुपैयाँ बजेट उपलब्ध भएको छ। बजेट अभावका कारण आवश्यकता र प्राथमिकताका आधारमा मात्रै सरसफाइ गर्नुपर्ने अवस्था रहेको उनले बताए । चालु आर्थिक वर्षमा कार्यालयले १७ करोड रुपैयाँ विकास बजेट प्राप्त गरेको छ ।

उक्त बजेटबाट ठेक्का प्रक्रियामार्फत पानी तान्ने पम्प मर्मत, पुराना तथा क्षतिग्रस्त संरचनाको पुनःनिर्माण, चुहावट हुने स्थानमा पक्की नहर निर्माण तथा आवश्यक स्थानमा कल्भर्ट निर्माण गरिएको कार्यालयले जनाएको छ । नहरको सुरक्षा तथा रेखदेखका लागि कार्यालयले दैनिक ज्यालादारीमा १०९ जना कर्मचारी परिचालन गरेको छ। साथै नहर प्रणालीको संरक्षणका लागि जिल्लाभर १९ वटा जल उपभोक्ता समिति सक्रिय रहेका छन् ।

कार्यालय प्रमुख यादवका अनुसार नहर किनारमा भएको अव्यवस्थित घर निर्माण तथा जग्गा अतिक्रमणका कारण नहर सरसफाइ र मर्मतमा समस्या भइरहेको छ । यसले नहर छेउका किसानलाई समेत खेती गर्न कठिनाइ उत्पन्न गरिरहेको उनले बताए । 'अतिक्रमण हटाउन कार्यालयले आफ्नो तर्फबाट पूरा गर्नुपर्ने सबै प्रक्रिया पूरा गरिसकेको छ । जिल्ला प्रशासन कार्यालयले सुरक्षा व्यवस्था मिलाइदिए हामी तत्काल अवैध अतिक्रमण हटाउन तयार छौं', उनले भने । यस्तै, बोदेबरसाइन नगरपालिका-५ स्थित कार्यालयको करिब दुई बिघा जग्गा पनि अतिक्रमणको जोखिममा परेको छ । त्यसको संरक्षणका लागि पश्चिम सप्तरी क्षेत्रमा खटिने नहर चौकीदारलाई पुरानो कार्यालय भवनमै नियमित बसोबासको व्यवस्था मिलाउने तयारी भइरहेको कार्यालय प्रमुख यादवले जानकारी दिए ।

सूचना ! सूचना !! सूचना !!!

समयमै विद्युत महशुल तिरी अनावश्यक लाईन काटिने झण्झटबाट बचौं ।

बिद्युत चुहावट नियन्त्रण अभियानमा सहभागी बनौं ।

नेपाल विद्युत प्राधिकरण
जनकपुरधाम (क्याम्पस चौक) वितरण केन्द्र
मधेश प्रदेश, धनुषा

पर्यटनलाई प्रवर्द्धन गरौ

मधेश प्रदेशमा विभिन्न प्राचीन मठ मन्दिर, ऐतिहासिक दरबार, धार्मिक तथा सांस्कृतिक सम्पदाहरु रहेका छन् । त्यस्ता स्थलहरु गौरब मात्र नभई आर्थिक समृद्धिको श्रोत पनि हुन । यसको संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको दायित्व हो । त्यसैले धार्मिक तथा पर्यटकीय स्थलहरुमा फोहोर नगरौ । ऐतिहासिक तथा दुर्लभ सम्पदाहरुको क्षति हुन नदिन सजग रहौ । स्थानीय कला, हस्तकला र परम्परागत उत्पादनलाई प्रवर्द्धन गरौ । हाम्रा प्रदेशका स्थलहरुमा आउने पर्यटनहरुसँग मैत्रीपूर्ण व्यवहार गरौ । पर्यटक हाम्रा पाहुना हुन । स्वागत सत्कार एवम् सुमधुर व्यवहार गरौ ।

मधेश प्रदेश सरकार
उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालय
मधेश प्रदेश, जनकपुरधाम धनुषा

# जनकपुरक अतिक्रमित गुठी जमीन हटाबऽ लेल ९ सदस्यीय कार्यान्वयन समिति गठनः

-परम आदरणीय संस्कृति-अनुरागी महानुभाव, दुपहरी वालाजय-जय सीयाराम जनकपुरधाम केवल एक शहर मात्र नैइ, बल्कि मिथिलाक आत्मा, आस्था, इतिहास आ सांस्कृतिक सभ्यताक केन्द्र अछि।

एतयक मठ-मन्दिर, गुठी जमीन, पोखरि, पोखरिक डिल, धर्मशाला तथा धार्मिक सम्पत्ति केवल भौतिक सम्पत्ति नैइ, बल्कि पीढ़ी-दर-पीढ़ी हस्तान्तरित सांस्कृतिक धरोहर अछि। मुदा विगत कतेको दशक सँ राजनीतिक संरक्षण, प्रशासनिक निष्क्रियता, भ्रष्टाचार तथा योजनाबद्ध अतिक्रमणक कारण यी सम्पत्ति निरन्तर संकटमे पड़ैत गेल। एहन पृष्ठभूमिमे भूमि व्यवस्था, सहकारी तथा सामान्य प्रशासन मन्त्रालयद्वारा गुठी प्रशासकक संयोजकत्वमे ९ सदस्यीय कार्यान्वयन समिति गठन निश्चयहि एक महत्वपूर्ण प्रशासनिक पहल मानल जा सकैत अछि। मुदा मूल प्रश्न यी अछि जे की यी समिति पूर्वक समितिसभ जेकाँ केवल कागज पर सीमित रहत, वा वास्तवमे जनकपुरक गुठी सम्पत्तिक संरक्षणक इतिहास रचत ? १. प्रतिवेदनक कमी नैइ, कार्यान्वयनक अभाव : जनकपुर सम्बन्धी उच्चस्तरीय कार्यदल (२०६२), सरकारी, सार्वजनिक तथा गुठी जमीन संरक्षण सम्बन्धी जाँचबुझ आयोग (२०७६) सहित विभिन्न अध्ययन प्रतिवेदन पहिलेहिसँ उपलब्ध अछि।

एहि प्रतिवेदनसभमे अतिक्रमण, अवैध दर्ता, गलत नापी, राजनीतिक हस्तक्षेप तथा संरक्षणक उपाय स्पष्ट रूपसँ उल्लेखित अछि। समस्या प्रतिवेदनक अभाव नैइ, बल्कि राजनीतिक इच्छाशक्ति तथा कार्यान्वयनक अभाव रहल अछि। यदि यी समिति सेहो केवल प्रतिवेदनक पुनरावृत्ति करैत रहत, तऽ जनकपुर फेर एक अवसर गँवा देत। २. ७-दिन आ १५- दिनक सूचनाः व्यवहारिक चुनौती, समितिकेँ ७=दिनभितर मन्दिर परिसर तथा पोखरिक डिल खाली करबाक सूचना तथा १५- दिन भितर अन्य गुठी जमीन सँ अतिक्रमण हटेबाक अधिकार देल गेल अछि। कानूनी दृष्टिसँ यी प्रक्रिया उचित देखाइत अछि, मुदा व्यवहारिक प्रश्न उठैत अछि जे – क) राजनीतिक संरक्षण प्राप्त अतिक्रमणकारी सभ पर सेहो समान कानूनी कारबाही होयत ?
ख) प्रभावशाली व्यक्ति आ साधारण नागरिक लेल एक्के कानून लागू होयत ?
ग) प्रशासन दबाबमुक्त रहि सकत ?
यदि उत्तर "हाँ" अछि, तखन यी समिति सफल होयत। अन्यथा यी केवल औपचारिकता बनि कऽ रहि जाएत।
३. गुठी जमीनः केवल आर्थिक सम्पत्ति नैइ,

जनकपुरक गुठी जमीनक उद्देश्य व्यापार नैइ छल। एहि सम्पत्तिसँ मठ-मन्दिरक पूजा, साधु-सन्तक सेवा, धार्मिक उत्सव, पोखरिक संरक्षण तथा सामाजिक कल्याण चलैत छल। आइ अनेक स्थानपर गुठी जमीन निजी व्यवसाय, होटल, पसल, निजी आवास तथा व्यावसायिक प्रयोजनमे बदलि गेल अछि। परिणामस्वरूप धार्मिक सम्पत्तिक आम्दानी घटल, सांस्कृतिक संरचना कमजोर भेल तथा धार्मिक संस्थासभ आर्थिक संकटमे पड़ि गेल।
४. केवल अतिक्रमण हटेलासँ समाधान नैइ,
यदि अतिक्रमण हटाकऽ फेर ओहि जमीन पर पुनः कब्जा भऽ जाए, तऽ सम्पूर्ण अभियान व्यर्थ सिद्ध होयत।
ताहि लेल आवश्यक अछि–
क) सम्पूर्ण गुठी सम्पत्तिक डिजिटल अभिलेख,
ख) न्क्ष्क आधारित नक्साङ्कन,
ग) सार्वजनिक विवरण,
घ) नियमित अनुगमन,
ङ) स्थानीय नागरिक समाजक सहभागिता,
च) अदालतमे विचाराधीन विवादक शीघ्र निरूपण।
५. जनसहभागिता बिना संरक्षण सम्भव नैइ,
सरकार अकेले जनकपुर बचा नैइ सकैत अछि। धार्मिक संस्था, नागरिक समाज, स्थानीय बुद्धिजीवी, सञ्चार माध्यम, अधिवक्ता, युवा तथा आम नागरिक सभक साझा उत्तरदायित्व बनैत अछि।

गुठी सम्पत्तिक संरक्षण केवल सरकारी अभियान नैइ, बल्कि सांस्कृतिक आन्दोलन होयबाक चाही।
क) चयनात्मक कारबाहीसँ बचनाइ आवश्यक,
समितिक विश्वसनीयता तखने स्थापित होयत, जखन–
८ छोट अतिक्रमणकारी आ पैघ राजनीतिक संरक्षण प्राप्त कब्जाधारी सभ पर समान कारबाही होय।
८ सरकारी निकाय द्वारा भेल अतिक्रमण सेहो जाँचक दायरामे आबि।
८ धार्मिक सम्पत्तिक नामपर निजी लाभ लेनिहार सभ पर कानूनी प्रक्रिया अपनाओल जाए।
८ न्यायक मूल आधार समानता अछि।
६. भविष्यक मार्गः
यी समिति केवल अतिक्रमण हटेबाक समिति नैइ, बल्कि जनकपुरक ऐतिहासिक पहिचान बचेबाक अवसर अछि।

यदि यी अभियान पारदर्शी, निष्पक्ष तथा कानूनी आधारपर सम्पन्न होइत अछि, तऽ जनकपुरक मठ, मन्दिर, पोखरि, धर्मशाला तथा गुठी सम्पत्ति फेरसँ अपन गौरव प्राप्त कऽ सकत। मुदा यदि राजनीतिक हस्तक्षेप, चयनात्मक कारबाही अथवा प्रशासनिक शिथिलता दोहराओल गेल, तऽ यी पहल सेहो पूर्वक दर्जनौं समितिसभ जेकाँ इतिहासक एकटा असफल अध्याय बनि जाएत।
७. निष्कर्ष :
जनकपुरक गुठी सम्पत्ति केवल




वर्तमान पीढ़ीक सम्पत्ति नैइ, बल्कि सम्पूर्ण मिथिला सभ्यताक धरोहर अछि। एकर संरक्षण कानूनी दायित्व मात्र नैइ, सांस्कृतिक उत्तरदायित्व सेहो अछि।
९ सदस्यीय कार्यान्वयन समितिक सफलता एहि बात पर निर्भर करत जे ओ राजनीतिक दबाबसँ ऊपर उठि कऽ निष्पक्षता, पारदर्शिता, कानूनी दृढ़ता तथा जनसहभागिताकेँ अपन कार्यक आधार बनबैत अछि कि नैइ। जनकपुर बचत तऽ मिथिलाक सांस्कृतिक अस्मिता बचत; गुठी बचत तऽ इतिहास बचत।

-मुरली मनोहर मिश्र,
(जनकपुर नागरिक समाज,
जनकपुरधाम-४, धनुषा, नेपाल)

# सांसद राजेन्द्रकुमार राईको अभिव्यक्ति प्रतिनिधि सभाको रेकर्डबाट हटाउन रुलिङ

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २५ असार

नेपाल कम्युनिस्ट पार्टी (एमाले) का सांसद राजेन्द्रकुमार राईको अभिव्यक्ति प्रतिनिधि सभाको रेकर्डबाट हटाउन रुलिङ भएको छ। सभाध्यक्षको आलोचना र अपहेलना गरिएको भन्दै सभामुख डोलप्रसाद अर्यालले अभिव्यक्ति रेकर्डबाट हटाउन सचिवालयलाई निर्देशन दिनुभएको हो। प्रतिनिधि सभाको आकस्मिक समयमा राईले राख्नुभएको धारणा विवादमा परेपछि बैठकसमेत १५ मिनेट स्थगित भएको थियो।



सभामुख अर्याल र राईबिच केही समय विवाद भएको थियो। आकस्मिक समयमा धारणा राख्ने क्रममा सांसद राईले सभामुखलाई सम्बोधनपछि "तपाई कान सुन्नुहुन्छ कि हुन्न" भनेर प्रश्न गर्नुभएको थियो। राईको प्रश्नलगत्तै सभामुख अर्यालले अभिव्यक्तिले सभामुख र सभाको अपहेलना भएको भन्दै बोल्न समय दिनुभएन। बोल्ने अनुमति नपाएपछि राई रोकिनुभयो। राईलाई बोल्न समय नदिएपछि एमालेका अन्य सांसदले उठेर विरोध जनाएका थिए।

राईलाई बोल्न रोक्दै सभामुख अर्यालले नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का सांसद पर्शुराम तामाङलाई बोल्न समय दिनुभयो। एमाले सांसदहरू उठिरहेपछि तामाङ बोल्नुभएन। सोबिचमा सभामुख अर्यालले सचिवालयसँग समेत परामर्श लिनुभयो। सोही क्रममा सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सांसद टीका सङ्गौलाले नियमापत्ति गर्नुभयो। सङ्गौलाले प्रतिनिधि सभा नियमावली, २०८३ को नियम २१ विपरीत राईको अभिव्यक्ति आएको र आचारणको प्रश्नमा छलफलको अवस्थामा बाहेक सभामुखको आलोचना गर्न नपाइने विषय उठाउनुभयो। उहाँले अभिव्यक्ति रेकर्डबाट हटाउन माग गर्नुभयो।

विवाद बढेपछि सभामुख अर्यालले बैठक १५ मिनेटका लागि स्थगित गर्नुभयो। स्थगनपछि सुरु भएको दोस्रो बैठकमा सभामुख अर्यालले सुरुमै राईलाई बोल्ने समय दिनुभयो। राईले प्रधानमन्त्री वालेन्द्र शाहले जेठ १७ गते संसद्मा दिनुभएको अभिव्यक्ति हटाउन रुलिङको माग गरेकोमा नसुनेको प्रसङ्ग जोड्न खोजेको प्रस्टीकरण दिनुभयो। साथै बाँदरको समस्या समाधान तथा जनताका अन्य विषयमा सरकारले जवाफ नदिएकोमा पनि राईले आलोचना गर्नुभयो। पटक पटक विषय उठान गर्दा समेत सभामुखबाट रुलिङ नभएकोमा आफूले सो अभिव्यक्ति दिएको राईको भनाइ थियो।

राईको अभिव्यक्तिपछि सभामुख अर्यालले अघिल्लो बैठकमा व्यक्त भएको 'तपाईं कान सुन्नुहुन्छ कि हुन्न' भन्ने अभिव्यक्ति रेकर्डबाट हटाउन रुलिङ गर्नुभयो। सचिवालयलाई निर्देशन दिँदै सभामुख अर्यालले भन्नुभयो, "माननीय सदस्य राजेन्द्रकुमार राईले आजै यसअघि बोल्ने क्रममा प्रयोग गर्नुभएको सम्पूर्ण शब्द संसदीय अभिलेखबाट हटाउन म सचिवालयलाई निर्देश गर्दछु।"

राष्ट्र बैङ्क विधेयक समितिमाः यसैबिच प्रतिनिधि सभाले दुई विधेयक दफाबार छलफलका लागि सम्बन्धित समितिमा पठाएको छ।

"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस।"



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला

सूचना। सूचना।। सूचना।।।
आफ्नो व्यापार, व्यवसाय, उद्योग, कल-कारखाना, फर्म आदीलाई घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता गराई मात्र संचालन गरौं। राज्यप्रति ईमान्दारीता देखाऔं र ईमान्दार व्यक्तिको परिचय दिऔं।
घरेलु तथा साना उद्योग कार्यालय
जलेश्वर महोत्तरी, मधेश प्रदेश

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday